# कॉँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com








वर्ष : २६ | अंक : २१ | बिहीवार, २२ असोज, २०८३ | Thursday, 8 Oct 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०


### कर्णालीमा चाडपर्व सुरक्षा

# मैदानमा ५३ सय प्रहरी, फरार कैदी र हतियार खोजीमा विशेष निगरानी

- प्रदेशभर लामो तथा छोटो दूरीको गस्ती
- २ सय ४ वटा टोलीमा ५६ वटा एलआरपी र १४८ वटा पैदल गस्ती
- गाउँ-गाउँका बस्ती सुरक्षाका लागि १ सय २ वटा टोली
- २८ वटा मोबाइल भ्यान र ९८ वटा मोटरसाइकल गस्ती टोली
- कुनै पनि अप्रिय घटना हुनासाथ तत्काल पुग्ने गरी ६० वटा क्यूआरटी टोली
- संवेदनशील र रणनीतिक १ सय ७६ स्थानमा पिकेट तैनाथ
- १० वटा स्ट्राइकिङ र १३ वटा आकस्मिक सभा, धर्ना नियन्त्रण टोली



**सुशील खड्का**
सुर्खेत, २१ असोज

नेपालीहरूको महान चाड विजया दशमी, दीपावली, नेपाल संवत् तथा छठ पर्वलाई लक्षित गर्दै कर्णाली प्रदेशमा एकीकृत सुरक्षा रणनीति कार्यान्वयनमा ल्याइएको छ। चाडपर्वको समयमा हुनसक्ने सम्भावित आपराधिक क्रियाकलाप, अवाञ्छित गतिविधि तथा सडक दुर्घटना न्यूनीकरण गर्न कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेतले चाडपर्व लक्षित सुरक्षा योजना निर्माण गरी प्रदेशभरका १० वटै जिल्लामा लागू गरेको हो।

प्रदेशभर १ हजार ४ सय ६२ वटा विभिन्न ड्युटीहरू तय गरी कुल ५ हजार ३ सय १४ जना प्रहरी जनशक्ति मैदानमा परिचालन गरिएको छ। सुरक्षा व्यवस्थालाई भरपर्दो, चुस्त र प्रभावकारी बनाउन आधुनिक सञ्चार साधन, हातहतियार र प्रविधिको उच्च प्रयोग गरिएको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रमुख जयराज सापकोटाले जानकारी दिए। प्रमुख सापकोटाका अनुसार नागरिकलाई पूर्ण सुरक्षाको प्रत्याभूति दिलाउँदै भयमुक्त वातावरणमा चाडपर्व मनाउने अवस्था सिर्जना गर्न प्रहरीले कुनै कसर बाँकी राख्ने छैन्। प्रदेश प्रहरी कार्यालयका अनुसार यो विशेष सुरक्षा योजना २०८३ असोज २५ गते (घटस्थापना) देखि सुरु भई २०८३ कात्तिक ३० गते छठ पर्व सम्पन्न नभएसम्म निरन्तर कार्यान्वयनमा रहनेछ। कर्णालीका विकट भौगोलिक अवस्थिति भएका बस्तीदेखि मुख्य सहरी क्षेत्र र अन्तर प्रदेश तथा अन्तर्राष्ट्रिय सिमानासम्म प्रहरीको कडा निगरानी रहने गरी योजना तर्जुमा गरिएको सापकोटाले बताए। कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रमुख जयराज सापकोटाले बताए अनुसार चाडपर्वको बेला गाउँघर तथा सहर बजारमा जनघनत्व बढ्ने, आर्थिक कारोबार तीव्र हुने र आवतजावत बाक्लिने भएकाले आपराधिक समूह सक्रिय हुनसक्ने जोखिम रहन्छ। सोही सम्भावित जोखिमलाई शून्यमा झार्न प्रदेश कमाण्ड पोस्टदेखि स्थानीय युनिटसम्मलाई २४ सै घण्टा हाई अलर्टमा राखिएको सापकोटाले जानकारी दिए।

यस पटकको सुरक्षा योजनामा परम्परागत अपराध नियन्त्रणका अलावा केही संवेदनशील विषयलाई प्राथमिकतामा राखिएको छ। विशेषगरी फरार अभियुक्तहरू तथा जेनजी आन्दोलनका क्रममा विभिन्न कारागारहरूबाट भागेका कैदीबन्दीहरू चाडपर्वको मौका छोपेर घर फर्किन सक्ने आकलन प्रहरीको छ। त्यस्तै, सोही आन्दोलनका क्रममा विभिन्न प्रहरी कार्यालयहरूबाट लुटिएका हातहतियार तथा गोलीगठ्ठाको दुरुपयोग रोक्न र तिनीहरूको बरामदलाई तीव्रता दिन विशेष अपरेशन सञ्चालन गरिएको छ। 'चाडपर्वको माहोलमा फरार कैदीबन्दी वा अपराधीहरू समाजमा मिसिएर अशान्ति फैलाउने वा आपराधिक कार्य गर्ने सम्भावना रहन्छ,' प्रमुख सापकोटाले भने, 'जेनजी आन्दोलनका बेला फरार रहेकाहरूको पक्राउ र लुटिएका हतियारको खोजीलाई हामीले मुख्य रणनीतिक प्राथमिकतामा राखेका छौं। यसका लागि सादा पोशाकका गुप्तचर टोली र कर्डन एण्ड सर्च टोलीहरू समेत परिचालन भइसकेका छन्।' चाडपर्वको समयमा बैंक, वित्तीय संस्था, सुनचाँदी तथा गरगहना पसल र बढी भीडभाड हुने व्यापारिक केन्द्रहरूमा लुटपाट, चोरी र पाकेटमारीको जोखिम उच्च रहने गर्दछ यसलाई दृष्टिगत गरी प्रदेशभर वित्तीय संस्था तथा बजार सुरक्षाका लागि ३१ स्थानमा विशेष टोली खटाइएको छ। बजारमा हुने अस्वाभाविक मूल्यवृद्धि, कृत्रिम अभाव, कालोबजारी, मिसावट तथा ठगी नियन्त्रण गर्न स्थानीय प्रशासनसँगको समन्वयमा नियमित अनुगमनको व्यवस्था मिलाइएको छ। चाडपर्वको नाममा हुने जुवातास, कौडा, लंगुरबुर्जा, डाइस तथा पछिल्लो समय मौलाउँदै गएको अनलाइन सट्टेबाजीलाई पूर्ण रूपमा निस्तेज पार्न २८ वटा विशेष टोली परिचालन गरिएको प्रमुख सापकोटाले बताए। अवैध मदिरा उत्पादन, ओसारपसार र लागूऔषधको जालो तोड्न समेत प्रहरीले १९ वटा छुट्टै युनिट परिचालन गरेको छ। दशैं-तिहारमा घर फर्कने नागरिकहरूको चापलाई ध्यानमा राख्दै राजमार्ग तथा सडक सुरक्षालाई कडा पारिएको छ। सार्वजनिक सवारी साधनहरूले यात्रुसँग बढी भाडा असुल्ने, क्षमताभन्दा बढी यात्रु तथा मालसामान बोक्ने र यात्रुमाथि अभद्र व्यवहार गर्ने प्रवृत्ति रोक्न प्रदेशका प्रमुख नाकाहरूमा कडाइ गरिएको छ। यात्रुहरूको सहजता र गुनासो सुनुवाइका लागि अन्तर प्रदेश, अन्तरजिल्ला तथा अन्तर्राष्ट्रिय सीमानाका समेत गरी कुल ३७ स्थानमा यात्रु तथा नागरिक सहायता कक्ष स्थापना गरिएको छ। सवारी दुर्घटना न्यूनीकरणका लागि नियमित चेकिङ (मादक पदार्थ सेवन-मापसे चेकिङ सहित) ६७ स्थानमा र ट्राफिक प्रहरीसहितको संयुक्त चेकिङ ४७ स्थानमा सञ्चालन भइरहेको छ। लामो दूरीका सवारी साधनहरूको विशेष जाँचका लागि १६ स्थान र राजमार्ग स्कर्टिङका लागि १४ वटा टोली तयारी अवस्थामा राखिएको छ। बाटोमा यात्रुको धनमाल वा झोला छुटेमा खोजतलास गरी सम्बन्धित व्यक्तिलाई बुझाउने संयन्त्र समेत मिलाइएको सापकोटाले जानकारी दिए।

सुरक्षा योजनालाई परिणाममुखी बनाउन प्रदेशभर प्रहरी जनशक्तिको सन्तुलित र प्रभावकारी तैनाथ गरिएको छ। कुल ५ हजार ३ सय १४ जनशक्तिमध्ये प्रदेश कमाण्ड पोष्टमा १ जना प्रहरी नायव महानिरीक्षक (डिआइजी) आफैं खटिने छन भने, प्रदेशभरका ड्युटीमा ३ जना प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी), ५ जना प्रहरी उपरीक्षक (एसपी) र १२ जना प्रहरी नायव उपरीक्षक (डिएसपी) फिल्ड कमाण्डमा रहेका छन्। ४७ जना प्रहरी निरीक्षक, ५५ जना प्रहरी वरिष्ठ नायव निरीक्षक, १ सय १९ जना प्रहरी नायव निरीक्षक, ४ सय ६२ जना प्रहरी सहायक निरीक्षक, २ बाँकी पृष्ठ ४

# यस्ता छन् मन्त्रिपरिषद्का ६ निर्णय

**कॉँक्रेविहार संवाददाता**
काठमाडौं, २१ असोज



बुधबार बसेको मन्त्रिपरिषद् बैठकले १५३ जना पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनेदेखि विभिन्न अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने र उच्च तहका कर्मचारीको बढुवा गर्नेसम्मका महत्वपूर्ण निर्णय गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबारमा बुधवार बसेको मन्त्रिपरिषदको बैठकले राष्ट्रिय मानव अधिकार आयोगबाट क्षतिपूर्तिका लागि सिफारिस भएका १५३ जना पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन स्वीकृति प्रदान गरेको छ।

त्यस्तै, पोर्चुगल सरकारलाई काठमाडौंमा महावाणिज्यदूतावास स्थापना गर्न सहमति दिने निर्णय गरिएको छ।

सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित रोखरेलकाअनुसार मन्त्रिपरिषद्ले भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, वन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश र विपद् सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश लगायतका अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

यस्तै बैठकले बैठकले नेपाल इन्जिनियरिङ सेवा समूहीकरणतर्फका सहसचिव नवीनराज सिंहलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गर्ने निर्णय गरेको छ।

यसैगरी, नेपाल प्रशासन सेवा समूहीकरणतर्फका सहसचिव चक्रबहादुर बुढालाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गर्ने निर्णय भएको छ।

नेपाल लेखापरीक्षण सेवा समूहीकरणतर्फ नायब महालेखापरीक्षक चन्द्रकान्त भण्डारीलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको उपमहालेखापरीक्षक पदमा बढुवा गर्ने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको छ।

# कञ्चनपुर-कमला सडकखण्डको स्तरोन्नतिले गति लिँदै, ४९ पुलमा यातायात सञ्चालन



**कॉँक्रेविहार संवाददाता**
कञ्चनपुर, २१ असोज

पूर्व-पश्चिम राजमार्गअन्तर्गत कञ्चनपुर-कमला सडकखण्डको निर्माण तथा स्तरोन्नतिको कामले गति लिएको छ।

पूर्वाधार विकासमन्त्री सुनिल लम्सालका अनुसार विगतमा कोभिड-१९ को प्रभाव, निर्माण व्यवसायीको स्रोत परिचालनमा समस्या, विद्युत् तथा खानेपानीका संरचना स्थानान्तरण, इन्धन र बिटुमिन आपूर्तिमा देखिएको अवरोधलगायतका कारण निर्माण कार्य प्रभावित भएको थियो। अहिले भने आयोजना निर्माणले गति लिएको हो। कुल ८६.६३ किलोमिटर सडक स्तरोन्नति हुने आयोजनाअन्तर्गत १६.४९ किलोमिटर ६ लेन र ७०.३३ बाँकी पृष्ठ २

# चोलेन्द्रशमसेर राणाको घरमा सम्पत्ति शुद्धीकरण विभागको छापा

**कॉँक्रेविहार संवाददाता**
काठमाडौं, २१ असोज

पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमसेर राणाको घरमा सम्पत्ति शुद्धीकरण विभागको छापालाई सरकारले नियमित काम भनेको छ।

सरकारी निकायले गर्ने नियमित काममा सरकारको हस्तक्षेप नहुने प्रवक्ता सस्मित पोखरेलले बताए। "उहाँको घरमा भएका गतिविधिबारे सम्पत्ति शुद्धीकरण विभागले नै जवाफ दिनेछ। यो सरकारी निकायले गर्ने नियमित काम हो। यसमा सरकारको कुनै हस्तक्षेप हुँदैन," उनले भने।

सम्पत्ति शुद्धीकरण विभागले बुधबार राणासहित उनीसँग जोडिएका पाँचजनाको घरमा एकसाथ छापा मारेको थियो। असोज ११ गते राणालाई पक्राउ गरी अपराध अनुसन्धान कार्यालयमा राखिएको थियो।

चौतर्फी विरोधपछि सरकारले सुरक्षा कारणले प्रहरी कार्यालयमा ल्याएको प्रस्टीकरण दिएको थियो। बुधबार जबराको निवासमा खानतलासी भएको हो।

## सम्पादकीय

# पुलको संख्या बढेपनि तुईनको जोखिमपुर्ण यात्रा कहिलेसम्म ?

कर्णालीमा पुल निर्माणको गति बढेको छ । प्रदेश सरकार गठनपछि ७५ वटा मोटरेवल र १७३ वटा झोलुङ्गे पुल निर्माण हुनु आफैंमा उल्लेख्य उपलब्धि हो । पछिल्ला दुई आर्थिक वर्षमा मात्रै १५७ वटा पुल निर्माण भएका छन् । भौगोलिक विकटता र छरिएका बस्तीका कारण पूर्वाधार निर्माण चुनौतीपूर्ण रहेको कर्णालीमा पुलले नागरिकको आवागमन सहज बनाउनुका साथै शिक्षा, स्वास्थ्य, बजार र रोजगारी सम्मको पहुँच विस्तार गर्न महत्वपूर्ण भूमिका खेल्छन् । तर पुल निर्माणको यही तथ्यांकसँगै अर्को तथ्यांकले सरकारको ध्यान खिच्नुपर्ने अवस्था देखाउँछ । कर्णालीमा अझै ५० वटा तुइन छन् ।

सरकारले तुइन विस्थापन गर्ने नीति लिएको लामो समय भइसकेको छ । तुइनबाट नदी वारपार गर्नुपर्ने बाध्यता अन्त्य गर्न पुल निर्माण हुँदै आएका छन् । तर पुल निर्माणको गति बढिरहेको भनिए पनि सात जिल्लाका नागरिक अझै तुइनको जोखिमपूर्ण यात्रामा निर्भर छन् । हुम्लामा मात्रै १५, कालीकोट र जाजरकोटमा १२/१२ तथा सुर्खेतमा आठ तुइन रहेको तथ्यांक छ । तुइनबाट नदी पार गर्नु सामान्य यात्रा होइन । बालबालिका विद्यालय जाँदा होस् वा बिरामीलाई उपचारका लागि लैजाँदा, हरेक यात्रामा जोखिम जोडिएको हुन्छ । राज्यले नागरिकलाई सुरक्षित आवागमनको अधिकार सुनिश्चित गर्नुपर्ने अवस्थामा उनीहरू अझै तारको सहारामा नदी तर्न बाध्य हुनु दुःखद हो ।

अझ विडम्बना के छ भने कतिपय ठाउँमा पुल निर्माण भएर नागरिकले जोखिमबाट मुक्ति पाएका छन् भने कतिपय ठाउँमा बनेका पुल नै क्षतिग्रस्त भएर पुनः प्रयोग गर्न नसकिने अवस्थामा पुगेका छन् । सल्यान र जाजरकोटको सीमामा पहिरोले क्षति पुऱ्याएको झोलुङ्गे पुल लामो समयसम्म पुनर्निर्माण हुन नसक्नु यसको उदाहरण हो । पुल बनाउनु मात्रै पर्याप्त हुँदैन, त्यसको नियमित निरीक्षण, मर्मत र संरक्षण पनि सरकारकै जिम्मेवारी ो । अब प्रदेश सरकारले पुल निर्माणको संख्यालाई मात्र उपलब्धिको सूचक बनाउनु हुँदैन । कुन क्षेत्रमा अझै तुइन छन्, तीमध्ये तत्काल पुल आवश्यक पर्ने स्थान कुन हुन् र क्षतिग्रस्त पुल कहिलेसम्म पुनर्निर्माण हुन्छन् भन्ने स्पष्ट कार्ययोजना आवश्यक छ । निर्माण सम्पन्न भएका पुलको उपयोगिता र अवस्थाको नियमित अनुगमन पनि हुनुपर्छ । कर्णालीमा पुल बनिरहेका छन्, यो सकारात्मक कुरा हो । तर नागरिक अझै तुइनबाट नदी तर्न बाध्य छन् भने विकासको यात्रा अधुरै छ । नागरिकको ज्यान जोखिममा राखेर विकासको काम हुनुहुँदैन । सरकारले चाँडै नै कर्णालीलाई तुईनमुक्त गर्नतर्फ लाग्न आवश्यक छ ।

# रूपान्तरणको सवालमा कांग्रेसको १५औँ महाधिवेशन



✍ राजकुमार सिवाकोटी

आठ दशकभन्दा लामो गौरवशाली इतिहास बोकेको नेपाली कांग्रेस अहिले आफ्नो अस्तित्वको अत्यन्तै संवेदनशील र निर्णायक मोडमा उभिएको छ । यससँग राणा शासनको अन्त्यदेखि लिएर प्रजातन्त्रको स्थापना, पुनर्बहाली, निरङ्कुशताको अन्त्य र ०७२ को संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माणको नेतृत्व गरेको विरासत छ। यस दलले देशको भाग्य बदल्ने धेरै अवसर प्राप्त गरेको छ। तर, अब केवल विगतको गौरव र ऐतिहासिक विरासतको भरमा मात्र भविष्यको यात्रा तय गर्न सम्भव छैन।

नेपाली समाजमा भइरहेको तीव्र जनसाि्यक परिवर्तन, प्रविधिको बढ्दो प्रभाव, नागरिक चेतनाको विस्तार, युवाहरूमा देखिएको राजनीतिक वितृष्णा र नयाँ शक्तिहरूको उदयले कांग्रेसलाई आफ्नो नीति, संगठन र कार्यशैलीमा व्यापक परिवर्तन गर्न बाध्य बनाएको छ।

संशोधित विधानमार्फत युवा नेतृत्वको सक्रियता बढेसँगै आयोजना हुन लागेको १५औँ केन्द्रीय महाधिवेशनले राष्ट्रिय राजनीति र बौद्धिक जगत्मा नयाँ बहसहरू सिर्जना गरेको छ । काठमाडौंको खुला मञ्चमा हुने यो महाधिवेशनले तय गर्ने आर्थिक नीति, सांगठनिक संरचना र नेतृत्वले पार्टीको आन्तरिक वातावरण मात्र होइन, बरु देशको सुशासन, संघीयताको सुदृढीकरण र आर्थिक समृद्धिको भविष्यलाई कसरी तय गर्नेछ भन्ने विषय आम चासोको केन्द्र बनेको छ।

महाधिवेशनसँगै केही गम्भीर प्रश्नहरू खडा भएका छन्। मुख्य सवाल हो- महाधिवेशनले अघि सारेका नीतिहरूले नेपाली समाजको आकांक्षा र आर्थिक समृद्धिको चाहनालाई व्यावहारिक रूपमा सम्बोधन गर्न सक्छ या सक्दैन ? यहाँ आर्थिक विकासका सम्भावनाहरू त धेरै छन् । तर, उता नीतिगत र संरचनात्मक चुनौतीहरूका चाङ अझ धेरै छन्।

राजनीतिक अधिकारको लडाइँ सकिएपछि अबको मुख्य चुनौती भनेको उत्पादक अर्थतन्त्र निर्माण गर्नु हो। कांग्रेसले दशकौँसम्म लोकतन्त्रका लागि संघर्ष गऱ्यो तर अबको जिम्मेवारी उत्पादन वृद्धि, पूर्वाधार विकास, रोजगारी सिर्जना र व्यापार घाटा कम गर्ने ठोस खाका प्रस्तुत गर्नु हो।

नेपालको अर्थतन्त्र अहिले गम्भीर संकटबाट गुज्रिरहेको छ । आयातमुखी उपभोग, रेमिट्यान्समाथिको अत्यधिक निर्भरता र कमजोर औद्योगिक आधार हाम्रा ठूला समस्या हुन् । वर्षौंदेखि श्रम बजारमा आउने लाखौँ युवाहरूका लागि स्वदेशमै अवसर सिर्जना गर्न नसक्दा समाजमा निराशा छाएको छ। यस्तो कठिन परिस्थितिमा भइरहेको महाधिवेशनले परम्परागत वितरणमुखी नाराभन्दा माथि उठेर कसरी समाजवादी उत्पादनशील अर्थतन्त्र र निजी क्षेत्रको लगानीलाई सुरक्षा दिन्छ भन्ने विषय चुनौतीपूर्ण छ।

१५औँ महाधिवेशनका नीतिगत प्रस्तावहरूमा कांग्रेसले समृद्धिका केही मुख्य आधारहरू अघि सारेको छ । पहिलो, राजस्व मात्र संकलन गर्ने परम्परागत मोडेल बदलेर आन्तरिक उत्पादन, कृषि प्रशोधन र साना तथा मझौला उद्योगलाई प्रोत्साहन गर्ने भन्ने छ।

दोस्रो, वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीप र पुँजीलाई स्वदेशी उद्यममा जोड्न विशेष सहुलियत दिने आशा देखाइँदै छ । तेस्रो, ऊर्जा, पर्यटन र सूचना प्रविधिलाई समृद्धिको संवाहक बनाउने कुरा छ। चौथो, प्रविधि क्षेत्रमा युवाहरूको परिचालन गरी सफ्टवेयर र डिजिटल सेवा निर्यात गर्ने सपना छ। पाँचौं, जलवायु जोखिमलाई ध्यानमा राख्दै विकास निर्माणलाई वातावरणमैत्री बनाउने र अन्तर्राष्ट्रिय जलवायु कोषमा पहुँच पुऱ्याउने अठोट छ । छैटौं, संघीयतालाई बलियो बनाउन प्रदेश र स्थानीय तहलाई आर्थिक रूपमा सशक्त बनाउने जवाफदेहितालाई जोड दिएको छ।

यी लक्ष्यहरू प्रशंसनीय भए तापनि नीतिगत प्रस्तावहरूमा एउटा ठूलो रिक्तता देखिन्छ । सन् १९९० पछि बजारमुखी अर्थतन्त्र त आयो, तर राज्य गरिबप्रति संवेदनशील हुन सकेन। ग्रामीण अर्थतन्त्र र बजारबीचको सम्बन्ध जोड्न दलहरू र राज्यको शासन व्यवस्था असफल रहे । जसका कारण ग्रामीण क्षेत्रका ८० प्रतिशत जनताले जीविका चलाउन संघर्ष गरिरहेका छन्।

नीतिगत कागजातहरूमा समृद्धिको सपनाको सुन्दर चित्र कोरिए तापनि ती सपनालाई यथार्थमा बदल्ने पार्टीको सामर्थ्यमाथि अझै पनि प्रश्नचिह्न खडा नै छ।

दक्ष जनशक्ति पलायन भइरहँदा राष्ट्रको क्षमता कमजोर हुने खतरा बढेको छ। राज्यका सेवाहरू अझै पनि पहुँच र पूर्वाग्रहको जालमा फसेका छन् । विकासको मूल्य सीमान्तकृत, मजदुर र किसानले चुकाउनुपर्ने बाध्यता छ।

यही निराशाको बीचबाट आज एउटा ठूलो प्रश्न उठिरहेको छ- आर्जनका अवसरहरू किन सबैका लागि समान हुन सकेनन् ? यहाँ कांग्रेसको 'मौलिक समाजवाद' को अवधारणा ओझेलमा परेको छ। पुँजीवादी प्रतिस्पर्धामा देशको स्रोत, श्रम, ऊर्जा र प्रविधिलाई एकीकृत गर्दै तल्लो तहबाट माथि जाने गरी सबैलाई समन्याय दिने विकासको ठोस खाका किन प्रस्तुत हुन सकेन ? यो नै आजको यक्ष प्रश्न हो।

यो प्रश्न नै आज आकाशभन्दा फराकिलो हुँदै गइरहेको छ। दशकौँदेखि नेपाली समाजमा नीति र व्यवहारबीचको खाडल झन्–झन् फराकिलो बन्दै गएको छ । नीतिगत कागजातहरूमा समृद्धिको सपनाको सुन्दर चित्र कोरिए तापनि ती सपनालाई यथार्थमा बदल्ने पार्टीको सामर्थ्यमाथि अझै पनि प्रश्नचिह्न खडा नै छ।

त्यसैले, १५औँ महाधिवेशनले समृद्धिका चाहनाहरूलाई कागजमा उतारे पनि सरकारको पदमा रहँदा ती योजनाहरूलाई बजेट, कानुन र प्रशासनिक सुधारमा कत्तिको दृढताका साथ लागू गर्न सक्छ भन्ने कुराले नै यसको वास्तविक सफलताको मापन गर्नेछ । अर्कोतर्फ, के पार्टी योग्यता, दक्षता र कार्यसम्पादनको आधारमा नयाँ स्वरूपमा ढल्किनेछ त ? यो चार दशकदेखिको एउटा अनुत्तरित जिज्ञासा हो।

पार्टीको रूपान्तरणलाई नजिकबाट नियाल्दा तल्लो तहका अधिवेशनहरूमा इमानदार, बौद्धिक र सक्षम कार्यकर्ताहरूको उपस्थिति न्यून देखिन्छ।

आजको सबैभन्दा जल्दोबल्दो र गम्भीर प्रश्न यही हो- के पार्टी क्षमताको आधारमा चल्नेछ कि गुटगत स्वार्थको नयाँ खेल जारी रहनेछ ? सांगठनिक विधि र प्रविधिमा सुधार आए पनि पार्टीभित्रको शक्ति सन्तुलनमा गुटबन्दीको जरा अझै उत्तिकै गाडिएको छ । गत भदौको जेनजी आन्दोलनले सिर्जना गरेको खरानीको अवशेषमाथि धुलो टक्टक्याउँदै विशेष महाधिवेशनको क्रममा गगन थापा र विश्वप्रकाश शर्माको नेतृत्वमा 'परिवर्तन र पुस्तान्तरण' को अभियान त चलाइयो, तर पार्टीका पुराना शक्तिहरूले आफ्नो पकड जोगाउनका लागि समूहगत प्यानल बनाउने पुरानै शैलीलाई पूर्ण रूपमा त्याग्न सकेका छैनन्।

पार्टीको रूपान्तरणलाई नजिकबाट नियाल्दा तल्लो तहका अधिवेशनहरूमा इमानदार, बौद्धिक र सक्षम कार्यकर्ताहरूको उपस्थिति न्यून देखिन्छ। अर्कोतिर, केन्द्रीय महाधिवेशनका प्रतिनिधि छनोट गर्दा जिल्ला र क्षेत्रीय तहमा शक्तिशाली नेताहरूले आफ्ना मान्छेलाई जिताउन 'गुटगत प्यानल' को सहारा लिने प्रवृत्ति निकै व्यापक रह्यो। यसले के प्रस्ट पार्छ भने, पार्टीको कानुनी संरचना र नियम त बदलिएका छन्, तर नेताहरूको राजनीतिक सोच र आचरण अझै बदलिएको छैन। प्रणालीले दक्षतालाई सम्मान गरे पनि नेतृत्व चयनको मोडमा अझै पनि गुटगत हिसाब-किताब नै निर्णायक भयो । युवाको प्रतिनिधित्व र पुस्तान्तरणको संरचनागत अवस्था अझै पनि आशाजनक देखिएन।

महामन्त्री गगन थापाले 'बदल्यौँ कांग्रेस, बदल्छौँ देश' वा 'बदलिएको कांग्रेस २.०' को जुन महत्त्वाकांक्षी संकल्प अघि सारेका छन्, त्यसको असली परीक्षा १५औँ महाधिवेशनको नतिजाले देखाउनेछ। यो संकल्प केवल चुनावी नारामा मात्र सीमित रहनेछ वा यसले पार्टीको जगमै आमूल परिवर्तन ल्याउनेछ भन्ने कुरा निकै महत्त्वपूर्ण छ। सामञ्जस्यताको यो महापरीक्षा कसरी सफल हुन्छ भन्ने कुराको जवाफ नेपाली समाजले आउने एक हप्ताभित्रै पाइसक्नेछ।

हामीले यो पनि बुझ्नुपर्छ- असहमति र विद्रोहको चस्माबाट हेर्दा त तल फेदीतिर देखिने पाँचथान बुढा नेताहरू र ढिस्को माथि ठडिएको गगन मात्र देखिन्छन्, तर असन्तुष्टि र विमतिले जन्माएको असहयोगको राप र रिसलाई भुइँ तहमा बसेर कांग्रेसभित्र हेर्दा- नागरिकहरू त देउवा, शर्मा, थापा, राई साइँलो र सोमे भाइसँग उत्तिकै आक्रोशित छन्।

विगतमा प्रतिपक्षी वा सत्तामा रहँदा सुस्त देखिएको कांग्रेसले विशेष र १५औँ महाधिवेशनमार्फत आफूलाई समयसापेक्ष पुनर्जीवित गर्ने प्रयास गरेको छ।

सांगठनिक जगको कुरा गर्दा, विधानमा युवा कोटा राखेर कांग्रेस बदलिएको दाबी गरिए तापनि नारा र व्यवहारबीच दूरी बढ्ने खतरा छ। व्यावहारिक रूपमा अझै पनि चुनौतीहरू प्रशस्त छन् । नयाँ विधानबाट आएका प्रतिनिधिहरू कतिपय अझै पनि पुराना नेताहरूको प्रभावबाट मुक्त हुन सकेका छैनन् । यदि प्रतिनिधिहरूलाई केवल भोट बैंक वा शक्ति प्रदर्शनको औजार मात्र बनाइयो भने देश बदल्ने नारा शब्दमा मात्र सीमित हुनेछ।

विगतमा प्रतिपक्षी वा सत्तामा रहँदा सुस्त देखिएको कांग्रेसले विशेष र १५औँ महाधिवेशनमार्फत आफूलाई समयसापेक्ष पुनर्जीवित गर्ने प्रयास गरेको छ। विधानमार्फत युवा र प्रविधिलाई प्राथमिकता दिनुले अन्य दलहरूलाई पनि आन्तरिक लोकतन्त्र र पुस्तान्तरणका लागि दबाब दिएको छ । तर, राजनीतिमा युवाको संख्या मात्र हुनु ठूलो कुरा होइन। ती युवाहरूमा नीतिगत स्पष्टता, वैचारिक दृढता र राष्ट्रिय समस्या सुल्झाउने क्षमता हुनु जरुरी छ।

सांगठनिक रूपमा कांग्रेस बदलिएको देखिए पनि यसले संसद्, सरकार र प्रशासनमा सुशासन ल्याउन र भ्रष्टाचारविरुद्ध कत्तिको कठोर कदम चाल्छ भन्ने कुराले नै 'बदलिएको कांग्रेसले देश बदल्छ' भन्ने नाराको सार्थकता पुष्टि गर्नेछ।

कांग्रेसको यो १५औँ महाधिवेशन केवल एउटा नियमित प्रक्रिया वा नयाँ कार्यसमिति छनोट गर्ने माध्यम मात्र होइन। यो पार्टीलाई आधुनिक, दक्ष र गतिशील बनाएर राष्ट्रिय राजनीतिमा पुनः नेतृत्व गर्ने र 'बदलिएको कांग्रेस' मार्फत देशको आर्थिक तथा सामाजिक रूपान्तरण गर्ने एक ऐतिहासिक अवसर र कडा परीक्षा पनि हो।

*(लेखक विकास मानवशास्त्री तथा मनोसामाजिक परामर्शदाता हुन्।)*

## कञ्चनपुर...

किलोमिटर ४ लेन सडक निर्माण हुँदै छ। आयोजनामा ५४ वटा पुल, २१८ वटा कल्भर्ट, दुईवटा ओभरपास र ६ वटा अन्डरपास निर्माण भइरहेका छन्।

हालसम्म ७७.१९ किलोमिटर ४ लेन बराबरको बाइन्डिङ कोर्स र ६६.६७५ किलोमिटर ४ लेन बराबरको वेयरिङ कोर्स निर्माण सम्पन्न भएको छ। ५४ वटा पुलमध्ये सबैको सुपरस्टक्चर निर्माण सम्पन्न भइसकेको छ भने ४९ वटा पुलमा यातायात सञ्चालनमा आएको छ।

नेपालमा नयाँ प्रविधिका रूपमा प्रयोग गर्न लागिएको आरएसएस वालसहितका ओभरपास तथा अन्डरपास निर्माणको काम पनि अघि बढेको छ। रूपनी र मिर्चैयामा अन्डरपास संरचना निर्माण गरी आरएसएस प्यानल जडानको काम भइरहेको जनाइएको छ।

**अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको अनुरोध**

कुनै सार्वजनिक निकायबाट सेवा लिने क्रममा तपाईसँग कुनै कर्मचारी वा बिचौलियाले बहाना बनाई गैर कानूनी रूपमा घुस/रिसवत मागेको वा सार्वजनिक निकायहरूमा भ्रष्टाचारजन्य कसूर भएको सूचना/जानकारी भएमा निम्न माध्यमबाट सम्पर्क गर्नुहुन वा उजुरी दिनुहुन अनुरोध गर्दछौं।

| कार्यालय प्रमुख | चौबिसै घण्टा उपलब्ध हुने मोवाइल नं. | सूचना अधिकारी |
| --- | --- | --- |
| ९८५८०५२६६६ | ९८५८०५३४२२ | ९८५८०७३६६६ |

इमेल : ciaasurkhet@gmail.com / ciaa.surkhet@ciaa.gov.np

*भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेत र काँक्रेविहार राष्ट्रिय दैनिक बिचको समझदारीमा।*

# चलचित्र विकास बोर्ड अध्यक्षमा ११ उम्मेदवार अन्तर्वार्ताका लागि छानिए




❑ कांक्रेविहार संवाददाता
काठमाडौं, २१ असोज

चलचित्र विकास बोर्डको अध्यक्ष पदमा नियुक्तिका लागि आवेदन स्वीकृत भएका उम्मेदवारहरूको व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण तथा अन्तर्वार्ताको कार्यक्रम तय भएको छ।

सूचना तथा सञ्चार मन्त्रालयले सार्वजनिक गरेको सूचनाअनुसार उम्मेदवारहरूको प्रस्तुतीकरण तथा अन्तर्वार्ता मन्त्रालयमै हुने भएको छ। पहिलो दिन असोज २५ गते शनिबार दुई समूहका उम्मेदवारको प्रस्तुतीकरण र अन्तर्वार्ता हुनेछ।

समूह 'क'मा अमर दिप सापकोटा, जयन्ती ओभा, जेनिस पहारी र डम्बरबहादुर बुढाथोकी रहेका छन्। उनीहरूको कार्यक्रम बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म हुनेछ। त्यसपछि समूह 'ख'का दिपा पाण्डे, नरेशकुमार के.सी. र नरेशकुमार पौडेलको प्रस्तुतीकरण तथा अन्तर्वार्ता दिउँसो १ः ३० बजेदेखि ३ बजेसम्म हुनेछ।

त्यस्तै, २०८३ असोज २६ गते सोमबार समूह 'ग'का निशा अधिकारी, भगवती कुमारी (मैनाली) उप्रेती, मनिष पण्डित र सुवास कोइरालाको प्रस्तुतीकरण तथा अन्तर्वार्ता बिहान ९ बजेदेखि ११ बजेसम्म हुने मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार उम्मेदवारहरूले तोकिएको समयभन्दा ३० मिनेटअघि व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणको स्लाइडसहित आवेदनका साथ पेस गरिएका सम्पूर्ण कागजातको सक्कल प्रतिसहित उपस्थित हुनुपर्नेछ। व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणका लागि १५ मिनेट र बाँकी समय अन्तर्वार्ताका लागि छुट्याइएको छ।

कार्यक्रम सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरबारमा हुने जनाइएको छ।

# एनपीएलमा कर्णाली याक्सलाई प्राइम टाइल्सको साथ



❑ पार्वती लम्साल
सुर्खेत, २१ असोज

नेपाल प्रिमियर लिग (एनपीएल) को तेस्रो संस्करणका लागि कर्णाली याक्स र प्राइम सेरामिक प्रालिबीच सम्झौता भएको छ। सम्झौतापत्रमा कर्णाली याक्सका क्रिकेट निर्देशक ज्ञानेन्द्र मल्ल र प्राइम सेरामिकका अध्यक्ष आशीष गर्गले हस्ताक्षर गरेका छन्। सम्झौतासँगै प्राइम टाइल्स कर्णाली याक्सको अफिसियल प्रिमियम भिट्रिफाइड टायल पार्टनर बनेको छ।

सम्झौतापछि क्रिकेट निर्देशक मल्लले प्राइम टाइल्ससँगको साझेदारीले कर्णाली याक्सको यात्रा थप बलियो बनाउने विश्वास व्यक्त गरे। प्राइम सेरामिकका अध्यक्ष गर्गले पनि कर्णाली याक्ससँगको सहकार्यले नेपाली क्रिकेटसँग अझ नजिकबाट जोडिन अवसर मिलेको बताए। एनपीएलको तेस्रो संस्करण आगामी ९ कात्तिकदेखि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा हुँदै छ। प्रतियोगिताका लागि कर्णाली याक्सले विदेशी खेलाडीका रूपमा इङ्ल्यान्डका मार्क वाट र बंगलादेशका अकबर अलीलाई अनुबन्ध गरिसकेको छ।

# कांग्रेसको नयाँ नेतृत्व चयनका लागि आज बिहान १० बजेदेखि मतदान

❑ कांक्रेविहार संवाददाता
काठमाडौं, २१ असोज

नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत नयाँ केन्द्रीय कार्यसमिति चयनका लागि बिहीबार बिहान १० बजेदेखि मतदान हुने भएको छ।

केन्द्रीय निर्वाचन समितिका अनुसार महाधिवेशनमा सहभागी ७ हजार २५५ प्रतिनिधिले नयाँ नेतृत्व चयनका लागि मतदान गर्नेछन्। यसअघि बिहान ७ बजेदेखि मतदान गर्ने कार्यक्रम तय गरिएको भए पनि वर्षा र केही प्राविधिक कारणले मतदान तीन घण्टा ढिला हुन लागेको हो। केन्द्रीय निर्वाचन समितिका संयोजक एवं वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काले मतदान बिहान १० बजेबाट सुरु हुने जानकारी दिए। मतदानका लागि काठमाडौंका तीन स्थानमा सातवटा



मतदान केन्द्र तोकिएको छ। प्रतिनिधिहरूको सहजताका लागि प्रदेश तथा प्रतिनिधित्वका आधारमा छुट्टाछुट्टै मतदान केन्द्रको व्यवस्था गरिएको निर्वाचन समितिले जनाएको छ।

राष्ट्रिय सभागृह, खुलामञ्च र प्रज्ञा भवनमा मतदान केन्द्र तोकिएका छन्। राष्ट्रिय सभागृहमा बागमती प्रदेशका प्रतिनिधिले मतदान गर्नेछन्। खुलामञ्चमा कोशी, मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशका प्रतिनिधिका लागि मतदान केन्द्र तोकिएको छ। भ्रातृ तथा शुभेच्छुक संस्था र जनसम्पर्क समितिबाट महाधिवेशन प्रतिनिधि बनेकाहरूले पनि खुलामञ्चमै मतदान गर्ने व्यवस्था गरिएको छ। त्यस्तै, प्रज्ञा भवनमा गण्डकी र लुम्बिनी प्रदेशका प्रतिनिधिका लागि मतदान केन्द्र तोकिएको छ।

सम्बन्धित प्रदेश तथा समूहका प्रतिनिधिले आफूलाई तोकिएको मतदान केन्द्रमा पुगेर मतदान गर्नुपर्नेछ। मतदानका क्रममा प्रतिनिधिको परिचयपत्र र मतदाता नामावली रुजु गरेपछि मात्रै मतदान गर्न पाउने व्यवस्था गरिएको निर्वाचन समितिले जनाएको छ।


# नेपाल रेडक्रस सोसाइटी
कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर सुर्खेत

**स्वास्थ्य सेवा सम्बन्धी उपकरण, औजारहरु र सामाग्रीहरु खरीद सम्बन्धि शिलवन्दी बोलपत्र आह्वानको सूचना**

***(दोस्रो पटक सूचना प्रकाशित मिति: २०८३/०६/२२)***

गाउँपालिकाको कार्यालय, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, र नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेश कार्यालयको संयुक्त साझेदारीमा संचालित दिगो विकासका लागि स्वास्थ्य, अनुकूलन तथा उत्थानशीलता (SUDHAR) परियोजना अन्तर्गत समुदायको स्वास्थ्य अवस्था सुदृढिकरण गर्न योगदान पुर्‍याउने क्रममा समुदाय स्तरका स्वास्थ्य संस्थाहरु मार्फत गुणस्तरीय/प्रभावकारी सेवा प्रदान होस् भन्ने उद्देश्यले स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरहरुका लागि स्वास्थ्य सेवा सम्बन्धी उपकरण, औजारहरु र सामग्रीहरु खरिद गर्नु पर्ने भएकोले नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेश विरेन्द्रनगर सुर्खेत कार्यालयमा आपूर्ति गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका उत्पादक, अधिकृत विक्रेता तथा वितरकहरुबाट गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

बोलपत्र सम्बन्धी शर्त तथा विस्तृत जानकारी यस पत्रिकामा पहिलो पटक प्रकाशित (मिति २०८३/०६/०९) को पत्रिकामा हेर्न सकिन्छ वा जोम्सनेपाल वेभसाइट https://www.jobsnepal.com/savasathaya-sava-samabnathha-upakaranae-oujarahara-ra-samagarahara-kharatha-samabnathha-shalvanatha-blpatara-aahavanaka-sacana-144341 लिंक गर्न सकिन्छ।

**शिलबन्दी बोलपत्र फारम पेश गर्ने ठेगाना/स्थान:**

**नेपाल रेडक्रस सोसाइटी**
कर्णाली प्रदेश कार्यालय, आँखा अस्पताल चोक, वीरेन्द्रनगर सुर्खेत,
फोन नं. ०८३-५९०२५५, ५९०२५६


# बजेट विवादमा सर्वोच्चको कारण देखाऊ आदेश

❑ कांक्रेविहार संवाददाता
धनगढी, २१ असोज

सुदूरपश्चिम प्रदेश सरकारले चालू आर्थिक वर्ष २०८३/८४ को बजेट ल्याउने तयारी गरिरहेका बेला बजेटसम्बन्धी विवादमा सर्वोच्च अदालतले कारण देखाउसहित विपक्षीलाई लिखित जवाफ पेस गर्न आदेश दिएको छ।

सर्वोच्च अदालतका न्यायाधीश महेश शर्मा पौडेलको एकल इजलासले अधिवक्ता मनिराम उपाध्यायले दायर गरेको रिटमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुदूरपश्चिम प्रदेश धनगढीसहित विपक्षीका नाममा कारण देखाउ आदेश जारी गरेको हो।

अदालतले निवेदकको मागबमोजिम आदेश जारी हुनु नपर्ने भए त्यसको आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र मुख्य न्यायाधिवक्ताको कार्यालय सुदूरपश्चिममार्फत लिखित जवाफ पेस गर्न विपक्षीका नाममा आदेश दिएको छ।

निवेदकले माग गरेको अन्तरिम आदेशका सम्बन्धमा भने सर्वोच्चले दुवै पक्षलाई राखेर छलफल गर्न उपयुक्त हुने ठहर गरेको छ। त्यसका लागि आगामी असोज २३ गतेको पेशीमा प्राथमिकताका साथ मुद्दा पेस गर्न आदेश दिइएको छ।

साथै विपक्षीहरूलाई अदालतले बुधवार नै विद्युतीय माध्यमबाट तत्काल म्याद तामेल गरी नियमानुसार पेश गर्न भनेको छ।

अधिवक्ता उपाध्यायले सुदूरपश्चिम प्रदेश सरकारले अघिल्लो बजेट पारित वा अस्वीकृत नभई पुनः अर्को बजेट ल्याउन लागेको भन्दै त्यसविरुद्ध सर्वोच्चमा रिट दायर गरेका थिए।

बुधवार चालू आर्थिक वर्षको बजेट प्रदेशसभामा प्रस्तुत गर्ने तयारीबीच सर्वोच्चको आदेश आएसँगै नेपाली कांग्रेसले मुद्दाको टुंगो नलागेसम्म अघि बढ्न नहुने अडानसहित सददन बहिष्कार गरेको छ। सरकार पनि कानुनी परामर्शमा जुटेको छ।


## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/२२**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री गीताकुमारी खत्री** धनी रहेको, **दर्ता नम्बर ३८७४/०७४/०७५** बाट **वीरेन्द्रनगर-५ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री पूजा पोल्ट्री फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/२२**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री चाँदनी वली (बि.सी.)** धनी रहेको, **दर्ता नम्बर ८८३५/०७८/०७९** बाट **भेरीगंगा-११, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री चाँदनी कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

## मैदानमा...

सय ७४ जना प्रहरी वरिष्ठ हवल्दार, ८ सय ९ जना प्रहरी हवल्दार, १ हजार २ सय १४ जना प्रहरी सहायक हवल्दार र २ हजार ३ सय १३ जना प्रहरी जवान सुरक्षा ड्युटीमा प्रत्यक्ष संलग्न छन् । सुरक्षा कार्यलाई सशक्त बनाउन १ हजार २२ वटा ठूला हतियार (७३ हजार ३ सय राउण्ड गोलीसहित), ५ सय ८ वटा साना हतियार (६ हजार ८ सय ८३ राउण्ड गोलीसहित), २ हजार २ सय ७० वटा लाठी र ७ सय ५३ वटा सञ्चार साधन फिल्डमा परिचालन गरिएको छ । कर्णालीका भौगोलिक विकटतालाई सम्बोधन गर्न गस्ती प्रणालीलाई बहुआयामिक बनाइएको छ । २३ स्थानमा सीसीटीभीमार्फत चौबिसै घण्टा डिजिटल निगरानी राखिएको छ भने २४ स्थानबाट सचेतनामूलक माइकिङ र जिङ्गल प्रसारण गरी आम नागरिकलाई सावधानी अपनाउन आग्रह गरिएको छ । कर्णालीका ऐतिहासिक तथा धार्मिक मठमन्दिर, पर्यटकीय स्थलहरू र महत्वपूर्ण सरकारी प्रतिष्ठानहरूको सुरक्षार्थ छुट्टै सुरक्षा रणनीति बनाइएको छ । ३८ स्थानका धार्मिक तथा पर्यटकीय क्षेत्र र ३३ स्थानका सरकारी कार्यालय तथा महत्वपूर्ण प्रतिष्ठानहरूमा विशेष सुरक्षा बल तैनाथ गरिएको छ ।

कार्यालय सुरक्षाका लागि मात्रै २ सय ४८ ड्युटीमा १ हजार १ सय २ जना प्रहरी परिचालन गरिएको छ । त्यस्तै, तिहार तथा छठका बेला हुनसक्ने अवैध पटाका, आतिशबाजी, विस्फोटक पदार्थ र भन्सार छलीका सामानहरूको ओसार पसार नियन्त्रण गर्न सीमानाकाहरूमा चोरी तस्करी नियन्त्रण टोली परिचालन गरी कडा जाँचको व्यवस्था गरिएको छ । सापकोटाले कुनै पनि विपद् वा आकस्मिक अवस्था आइपरेमा तत्काल थप मद्दत पुऱ्याउन प्रदेश प्रहरी गण, विशेष सुरक्षा गण, विपद् व्यवस्थापन गुल्म र तालिम केन्द्रहरूबाट पर्याप्त रिजर्भ फोर्स तयारी अवस्थामा राखिएको बताए । उनले चाडपर्वलाई शान्तिपूर्ण, मर्यादित र भयरहित वातावरणमा सम्पन्न गर्न आम नागरिक, सञ्चारकर्मी तथा नागरिक समाजलाई समेत प्रहरीसँग हातेमालो गर्न र कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल नजिकको प्रहरी कार्यालयमा जानकारी दिन सबैमा अनुरोध गरेका छन् ।


# भाखा नाघेको कर्जा बुझाउने बारे

## कृषि विकास बैंक लि. कर्णाली प्रदेश कार्यालय सुर्खेतको २१ दिने सूचना

*सूचना प्रकाशन मितिः२०८३/०६/२२*

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिमको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउँनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असूली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिँदा लेखिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेनारकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

**क) सम्बन्धित कार्यालयको नाम - कृषि विकास बैंक लि .शाखा कार्यालय, कालिकोट**

| क्र.सं | कर्जा ग्राहकको नाम | ठेगाना | बाजे/ससुराको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८३/०६/१६ सम्मको व्याज तथा लेना रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा दिने/जमानत बस्नेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अविलाल पाण्डे | खाडाँचक्र न.पा.०३, कालिकोट | बली पाण्डे | जगे पाण्डे | ब्यापार कर्जा | १०००००० | १४४१८३७ | २४४१८३७ | दुरा पाण्डे | - |
| २ | सम्पराज शाही | राष्कोट ०५, कालिकोट | अन्जु शाही | गोविन्द शाही | सहुलियतपूर्ण कर्जा | ११८५४४ | १७३८६ | १३५९३० | पानसरा शाही | - |
| ३ | ऐन बहादुर शाही | शुभकालिका गा.पा. ०६, कालिकोट | प्रदिप बहादुर शाही | हंस बहादुर शाही | घरायसी कर्जा | ५००००० | ६२००० | ५६२००० | मिनराज शाही | - |
| ४ | मिलन पोल्ट्री फर्म प्रो.इन्द्रा शाही | खाडाँचक्र न.पा. ०३, कालिकोट | धनरुप शाही | धनमल शाही | लाइभ स्टक कर्जा | ७००००० | १११००० | ८११००० | नर बहादुर शाही | - |
| ५ | राजन स्टोर प्रो. मिमसरा बम | खाडाँचक्र न.पा. ०५, कालिकोट | अर्जुन बहादुर शाही | तपराज बम | ब्यापार कर्जा | ८००००० | ५८४६४ | ८५८४६४ | अर्जुन बहादुर शाही/ धबेन्द्र शाही | - |
| ६ | चन्द्रमान विश्वकर्मा | खाडाँचक्र न.पा. ०१, कालिकोट | माघे विश्वकर्मा | कर्ण विश्वकर्मा | आवाश कर्जा | १००२५४ | २४३६ | १०२६९० | बाचुँ वि .क | साँवा सबै भाखा नाघेको |
| ७ | पुष्पजनरल स्टोर एण्ड अर्डर सप्लायर्स प्रो. मथुरा प्रसाद जैसी | सान्नी त्रिवेणी ०१, कालिकोट | मोति जैसी | अविराम जैसी | ब्यापार कर्जा | ८००००० | ८५००० | ८८५००० | बाटुली जैसी | - |
| ८ | नैनलदेब जनरल स्टोर एण्ड अर्डर सप्लायर्स प्रो.सावित्री चौलागाई | खाडाँचक्र न.पा. ०१, कालिकोट | पृथिमले चौलागाँई | भक्त प्रसाद चौलागाई | ब्यापार कर्जा | २११५९३ | ६०८३ | २१७६७६ | भक्त प्रसाद चौलागाई / राजेन्द्र प्रसाद चौलागाई | साँवा सबै भाखा नाघेको |
| ९ | निसान निर्माण सेवा प्रो. अवराज शाही | खाडाँचक्र न.पा. ०१, कालिकोट | कालु शाही | छत्र बहादुर शाही | सरल ठेक्का र फोर्स लोन | ९०००००० | ३९०००० | ९३९०००० | अवराज शाही | - |
| १० | गज बहादुर शाही | खाडाँचक्र न.पा. ११, कालिकोट | जय बहादुर शाही | प्रेम बहादुर शाही | सरल कृषि कर्जा | २००००० | ५१५३ | २०५१५३ | गज बहादुर शाही | - |
| | जम्मा | | | | | १३४३०३९१ | २१७९३५९ | १५६०९७५० | | - |
| **ख) सम्बन्धित कार्यालयको नाम - कृषि विकास बैंक लि .शाखा कार्यालय, सुर्खेत** | | | | | | | | | | |
| १ | मणीराम गौतम | वी.न.पा.११, सुर्खेत | बलिभद्र गौतम | बालाराम गौतम | व्यक्तिगत ओ.डी | ८३४०० | २५००० | १०८४०० | मणीराम गौतम | - |
| २ | प्रगति बंगुर फर्म प्रो.शान्ति विसुन्के | वी.न.पा.०६, सुर्खेत | कुल बहादुर सार्की | बसन्त विसुन्के | कृषि कर्जा | १९६०००० | ३२००० | १९९२००० | बसन्त विसुन्के | - |
| | जम्मा | | | | | २०४३४०० | ५७००० | २१००४०० | | |

**कृषि विकास बैंक लि.**
कर्णाली प्रदेश कार्यालय, सुर्खेत








काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)